कर्णाली प्रदेश सरकार

# कर्णाली प्रदेश योजना आयोग

वीरेन्द्रनगर, सुर्खेत, नेपाल


पत्र संख्या - २०८२/८३ चलानी संख्या : ६६६ मिति : २०८३/०२/०१

श्री भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय,
कर्णाली प्रदेश, सुर्खेत ।

**विषय:- थप स्पष्टता सहित बहुवर्षिय ठेक्का सहमति प्रदान गरिएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा तहाँ मन्त्रालयको पत्र संख्याः २०८२।८३, चलानी नं. ६९५, मिति २०८३।०१।०३ को यस आयोगमा प्राप्त डोसा पुल निर्माण साँगुडी आयोजना सम्बन्धी थप स्पष्टता गरिदिने विषयको पत्रको सन्दर्भमा कर्णाली प्रदेश योजना आयोगको मिति २०८३।०१।३१ बसेको बैठकले कर्णाली प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी निर्देशिका, २०८१ को दफा ६ मा उल्लिखित शर्तहरू पालना गरी कार्यान्वयन गर्न बहुवर्षीय ठेक्काको सहमति प्रदान गर्ने निर्णयानुसार तहाँ मन्त्रालय अन्तर्गतका देहायबमोजिमको आयोजनाहरूलाई थप स्पष्टता सहित बहुवर्षिय ठेक्का सहमति प्रदान गरिएको बेहोरा सादर अनुरोध छ । साथै आयोगको मिति २०८३।०१।३१ को निर्णयको प्रतिलिपी यसैसाथ संलग्न राखि पठाइएको बेहोरा समेत अनुरोध छ।

**देहायः**

| क्रसं | आयोजनाको नाम | जिल्ला | जम्मा लागत अनुमान रु (हजारमा) | चालु वर्ष (२०८२।८३) | स्रोत सुनिश्चित रकम रु (हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | दोस्रो वर्ष (२०८३।८४) | तेस्रो वर्ष (२०८४।८५) | कुल जम्मा |
| १ | डोसा पुल निर्माण साँगुडी | हुम्ला | ५९९९३ | १५००० | २२५०० | २२४९३ | ४४९९३ |

बोधार्थः
आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश ।

..............
गोपाल के.सी.
प्रशासकीय प्रमुख
**प्रशासकीय प्रमुख**

भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय
दर्ता नं.: १२६६
दर्ता मिति: २०८३/२/१


ठेगानाः- वीरेन्द्रनगर-८, बुलबुले गेट, सुर्खेत
सम्पर्क नं.:- ०८३-५२१६७६, ५२४८१६
Email :- ppckarnali@gmail.com
Website:- kppc.karnali.gov.np

आज मिति २०८३ साल वैशाख ३१ गते बेलुका ६:३० बजे श्री कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री एवं कर्णाली प्रदेश योजना आयोगका अध्यक्ष माननीय यामलाल कडेल ज्युको अध्यक्षतामा कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा ३ को उपदफा (२) बमोजिमको कर्णाली प्रदेश योजना आयोगको बैठक बसी देहाय बमोजिमका प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| | |
|---|---|
| माननीय यामलाल कडेल, मुख्यमन्त्री, कर्णाली प्रदेश सरकार | - अध्यक्ष |
| माननीय सूर्यनाथ योगी, उपाध्यक्ष, कर्णाली प्रदेश योजना आयोग | - उपाध्यक्ष |
| माननीय अशोकनाथ योगी, सदस्य, कर्णाली प्रदेश योजना आयोग | - सदस्य |
| माननीय डम्बर बहादुर रावल, सदस्य, कर्णाली प्रदेश योजना आयोग | - सदस्य |
| श्री बीरेन्द्र कुमार यादव, प्रमुख सचिव, कर्णाली प्रदेश सरकार | - सदस्य |
| श्री लीला प्रसाद शर्मा, प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य सचिव |

आमन्त्रित

| | |
|---|---|
| श्री गोपाल के.सी. | प्रशासकीय प्रमुख, कर्णाली प्रदेश योजना आयोग |
| श्री हरि बहादुर घर्ती | तथ्याङ्क अधिकृत, कर्णाली प्रदेश योजना आयोग |
| श्री फणीन्द्रप्रसाद शर्मा पौडेल | प्रशासकीय अधिकृत, कर्णाली प्रदेश योजना आयोग |

व्यवस्थापन सहयोग

श्री भुवन कँडेल, कम्प्युटर अधिकृत, कर्णाली प्रदेश योजना आयोग

श्री उस बहादुर सिंह, कार्यालय सहयोगी, कर्णाली प्रदेश योजना आयोग

प्रस्तावहरु:

प्रस्ताव नं १: आयोजनाको वहुवर्षीय ठेक्का सहमति सम्बन्धमा ।

**मिति २०८३ साल वैशाख ३१ गते वेलुका ६:३० बजे बसेको कर्णाली प्रदेश योजना आयोगको बैठकका निर्णयहरुः**

अध्यक्षताः माननीय मुख्यमन्त्री यामलाल कडेलज्यू।

निर्णय नं १:

भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयको पत्र संख्याः २०८२।८३, चलानी नं. ६९५, मिति २०८३।०१।०३ को यस आयोगमा प्राप्त डोसा पुल निर्माण साँगुडी आयोजनाको सम्बन्धी थप स्पष्टता गरिदिने विषयको पत्रको सन्दर्भमा छलफल गर्दा मिति २०८२ साल फागुन ०६ गते बसेको कर्णाली प्रदेश योजना आयोगको बैठकको निर्णय नं २ को बेहोरा सम्बन्धमा देहायबमोजिम हुनेगरी स्पष्ट गरी लेखि पठाउने निर्णय गरियो।

देहायः

कर्णाली प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमती सम्बन्धी निर्देशिका, २०८१ को दफा ४ को उपदफा (१) बमोजिमको निर्देशक समितिको मिति २०८२/११/०४ गतेको निर्णयानुसार स्रोत सहमतिका लागि सिफारिस भएका आयोजनाहरु मध्ये कर्णाली प्रदेश, आर्थिक मामिला तथा योजना मन्त्रालयको प.सं. २०८२/०८३(ब.का.म.), च.नं. ४५६, मिति २०८२/११/०५ को पत्रानुसार "भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय वा मातहतबाट कार्यान्वयन हुने आयोजनाको बहुवर्षीय ठेक्का सहमति प्रयोजनको लागि स्रोत सहमतिका लागि सिफारिस भएकोमा कर्णाली प्रदेश बहुवर्षीय ठेक्का सहमति सम्बन्धी निर्देशिका, २०८१ दफा ४ को उपदफा (१) बमोजिम निर्देशक समितिले मिति २०८२/११/०४ गते निर्देशिकाले निर्धारण गरेको समयावधि पश्चात यस मन्त्रालयमा स्रोत सहमति माग गर्ने निर्णय गरेको सन्दर्भ तथा आयोजनाको कार्यान्वयन पूर्व कर्णाली प्रदेश बहुवर्षीय ठेक्का सहमति सम्बन्धी निर्देशिका, २०८१ को दफा ६ मा उल्लेखित बहुवर्षीय ठेक्का आयोजना स्वीकृतिका आधार पुरा गरी बहुवर्षीय ठेक्का कार्यान्वयन गर्न सकिने शर्तमा निर्देशक समितिबाट स्वीकृत भएको सन्दर्भमा कर्णाली प्रदेश योजना आयोगबाट कार्यान्वयनका पूर्वशर्त पुरा गराई सम्बन्धित मन्त्रालयबाट आयोजना कार्यान्वयन गरी खर्च दायित्व सिर्जना भई सोको पुष्टयाँइ सहित कर्णाली प्रदेश योजना आयोगको सिफारिस प्राप्त भएका बखत माग भएबमोजिमको स्रोत भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयलाई प्रदान गरिएको बजेट सीमा भित्रबाट व्यवस्थापन गर्न सकिने गरी देहायको आयोजनाको लागि बहुवर्षीय स्रोत सहमति प्रदान गरिएको व्यहोरा मन्त्रालयको मिति २०८२/११/०५ गतेको माननीय मन्त्रीस्तरीय निर्णयानुसार अनुरोध छ।" भनी लेखिआएकोले सोही बेहोराअनुसारका सर्तहरू र ऐ. निर्देशिकाको दफा ६ मा उल्लिखित सर्तहरू समेत विषयगत मन्त्रालयले पूर्णरुपमा पालना गरी कार्यान्वयन गर्ने गराउने सर्तमा बहुवर्षीय ठेक्काको सहमति प्रदान गर्ने निर्णय गरियो ।

| क्रसं. | आयोजनाको नाम | जिल्ला | जम्मा लागत अनुमान रु (हजारमा) | चालु वर्ष (२०८२।०८३) | स्रोत सुनिश्चित रकम रु (हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | दोस्रो वर्ष (२०८३।०८४) | तेस्रो वर्ष (२०८४।०८५) | कुल जम्मा |
| १ | डोसा पुल निर्माण साँगुडी | हुम्ला | ५९९९३ | १५००० | २२५०० | २२४९३ | ४४९९३ |

अध्यक्ष